
के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १९७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ साउन १४ गते सोमबार ❑ 29 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## यातायात व्यवसायीको आन्दोलन स्थगित, १५ दिन भित्र प्रतिवेदन बुझाउने

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

यातायात व्यवसायीको आन्दोलन हाल स्थगित भएको छ । गण्डकी प्रदेश सरकार र यातायात व्यवसायीहरु बिच आइतबार भएको बैठकबाट राइड सेयरिङ एपको बिषयमा १० सदस्य छानविन समिति गठन गर्ने निर्णय भएसंगै हाल यातायात व्यवसायीको आन्दोलन स्थगित भएको हो ।

गण्डकी प्रदेशका कार्यवहाक मुख्यमन्त्री विन्दुकुमार थापाको पहलमा उक्त आन्दोलन हाल स्थगित गरी समिति गठन गर्ने सहमति भएको हो । उक्त सहमती भएसंगै हाल प्रदेशमा कालो प्लेटका सार्वजनिक यातायात सेवा पुनः सूचारु भएको छ । भौतिक पूर्वाधार बिकास तथा यातायात व्यबस्था मन्त्रालयका उपसचिव प्रदिप कुमार रेग्मीको संयोजकत्वमा व्यवसायी, मजदुर, ट्राफिक प्रहरी सहितका सरोकारवालाहरुको प्रतिनिधित्व गर्दै समिति गठन गरिएको हो ।

राइड सेयरिङ एपको बिषयमा १० सदस्य छानविन समिति गठन भएको छ । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीले आह्वान गरेको आइतबार गण्डकी प्रदेश यातायात सेवा बन्द हुँदा यात्रुले सास्ती भाग्नु परेको थियो ।

उक्त निर्णयसंगै हाल आफुहरुको आन्दोलन स्थगित भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका सचिव योगेन्द्र केसीले बताउनु भयो । यातायात व्यवसायीहरुको आन्दोलन हाल स्थगित गरी १५ दिन भित्र एउटा प्रतिवेदन बुझाउने व्यवसायी र प्रदेश सरकार बिच सहमति भएको उहाँले जनाउनु भयो । नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, प्रदेश समिति, पोखरा, कास्की, राईडर्स पोखरा, नेपाल र सम्पूर्ण रेन्टल व्यवसायीहरु (बाईक तथा स्कुटर) ले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्रीलाई सम्बोधन गरी पेश गरेका ज्ञापन पत्रहरु अध्ययन गरी सो सम्बन्धमा सुझाव सहितको प्रतिवेदन पेश गर्ने भएको छ ।

समितिको अन्य सदस्यहरुमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट अधिकृत प्रतिनिधि, जिल्ला ट्राफिक प्रहरी कार्यालय कास्कीका प्रमुख, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ प्रतिनिधि, प्रदेश समिति, पोखरा, कास्की, राईडर्स पोखरा नेपालका प्रतिनिधि, उपभोक्ता मञ्च नेपाल, गण्डकी प्रदेशका प्रतिनिधि, यातायात मजदुरहरु मध्येबाट १ जना प्रतिनिधि, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका सदस्य सचिवःअधिकृत (सातौं/आठौं) एक जना प्रतिनिधि रहनु हुने ।

नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ, प्रदेश समिति, पोखरा, कास्की, राईडर्स पोखरा, नेपाल र सम्पूर्ण रेन्टल व्यवसायीहरु (बाईक तथा स्कुटर) का ज्ञापनपत्रहरु अध्ययन गरी १५ (पन्ध्र) दिनभित्र सुझाव सहितको प्राविधिक प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्नुपर्ने सहमति भएको छ । त्यस्तै आवश्यकतानुसार सम्बन्धित विषयको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्ने भएको संयोजक रेग्मीले बताउनु भयो । सम्बन्धित पक्षहरुबाट यातायात क्षेत्रमा कुनै पनि विरोधका कार्यक्रमहरु नगर्ने/नगराउने, साथै, प्रचलित कानूनको पूर्ण पालना गर्ने बिषयमा सहमति भएको उहाँले जनाउनु भयो ।

## पत्रकारलाई कुटपिट गरेको आरोपमा पक्राउ

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

पत्रकार कुटपिट तथा दुर्व्यवहार गरेको आरोपमा आइतबार पोखरामा ४ जनालाई पक्राउ पर्नु भएको छ । राइड सेयरिङ विरुद्ध नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीले आह्वान गरेको आन्दोलनको क्रममा पत्रकार विना थापा मगरलाई दुर्व्यवहार तथा संचारकर्मी सुरज थापालाई कुटपिट गरेको आरोपमा ४ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीले जनाएको छ ।

पोखरा ९ शान्तिबन बस्ने ४१ बर्षका सुर्य बहादुर नेपाली (ट्याक्सी चालक), गोरखा भच्चेक घर भई हाल पोखरा ९, पृथ्वीचोक बस्ने ३३ बर्षका बुद्धि बहादुर बयलकोटी (मजदुर), पोखरा १६ लामाचौर बस्ने प्रशान गुरुङ (बसको सहचालक) र लम्जुङ सुन्दरबजार नगरपालिका १ कुन्छा घर भई हाल पोखरा ५ जिरो बस्ने २८ बर्षका ट्याक्सी चालक) सन्तोष बस्नेतलाई कास्की प्रहरीले पत्रकार तथा संचारकर्मीलाई हातपात गरेको आरोपमा पक्राउ गरेको हो । उक्त घटनामा संलग्न भएका केही आन्दोलनकारीले सुरजको स्कुटर समेत तोडफोड गर्नु भएको थियो ।

उक्त घटनाको बिषयमा नेपाल पत्रकार महासंघ कास्कीले घोर निन्दा र भर्त्सना गरेको छ । पत्रकारको परिचयपत्र देखाउँदा देखाउँदै गरिएको दुर्व्यवहार र कुटपिट प्रेस स्वतन्त्रता माथिकै आक्रमण भएको नेपाल पत्रकार महासंघ कास्कीको ठहर रहेको छ । नेपाल पत्रकार महासंघ कास्कीका साधारण सदस्य तथा पोखरा टेलिभिजनका संवाददाता विनाकुमारी थापा 'बिनु' र सञ्चारकर्मी सुरज थापालाई आज साउन १३ गते पोखराको पृथ्वीचोकमा भएको दुर्व्यवहार र कुटपिटप्रति नेपाल पत्रकार महासंघ कास्कीको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । घटनामा संलग्नहरुलाई तत्काल पक्राउ गरी कानुनबमोजिम कडा कारबाही गर्न स्थानीय प्रशासनसँग नेपाल पत्रकार महासंघ कास्की जोडदार माग गरेको सचिव माधव बरालले बताउनु भयो । पत्रकारलाई निर्वाध रुपमा समाचार संकलनको वातावरण बनाउन सम्बन्धित सबैलाई आग्रह गर्दै आगामी दिनमा यस प्रकारका घटना दोहोरिन नदिन ध्यानाकर्षण समेत गराएको छ । गण्डकी प्रदेशको राजधानी पोखरा सहित प्रदेशमा आइतबार बिहानै देखि सार्वजनिक यातायात सेवा ठप्प भएको छ । प्रदेशमा राइड शेयरिङ एपलाई मान्यता दिन लागेको बिरोधमा आन्दोलनमा उर्त्रिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गंण्डकी प्रदेशले आफ्नो माग पूरा नभएको भन्दै पोखरा सहित गण्डकी प्रदेशमा आइतबारबिहानैदेखि सार्वजनिक यातायात सेवा (कालो प्लेटका सवारी साधन) ठप्प पारेको हो । आफुहरुको माग पूरा नभएकोआफ्ना सम्पूर्ण यातायात सेवा घर ग्यारेज गरी सेवा ठप्प पारेको महासंघ प्रदेश संयोजक केदार प्रसाद पौडेलले बताउनु भयो । रातो प्लेटलाई समेत अवैध रुपमा यात्रु ओसारपोसर गर्न दिने गरी कार्यविधि ल्याउन लागेको भौतिक पूर्वाधार बिकास तथा यातायात व्यबस्था मन्त्रालयको उक्त निर्णय फिर्ता गर्न दिएको ४८ घण्टे अल्टिमेटम समेत सकिएकोले आफुहरु आन्दोलित हुनु परेको उहाँको भनाई थियो । आइतबार पोखराको पोखरा बस सेवा, पोखरेली ट्याक्सी सेवा, पृथ्वीराजमार्ग बस संचालक कम्पनी लगायतका विभिन्न कम्पनीहरुका छोटो तथा लामो दुरीका कुनै पनि यात्रु बहाक बस तथा यातायात सेवा संचालन नभएको महासंघ प्रदेशका सचिव योगेन्द्र केसीले बताउनुभयो ।

पोखराका मुख्यचोकमा सुरक्षाको लागि नेपाल प्रहरी उल्लेखनिय रुपमा तैनाथ गरिएको छ । यात्रुहरु मर्कामा पर्नु भएको छ । कति यात्रुलाई आज सार्वजनिक यातायात सेवा ठप्प हुने आधिकारीक जानकारी नहुदा देशका विभिन्न गन्तव्यमा हिडेका यात्रु अलपत्र पर्नु भएको छ । पोखरामा अहिले पनि पठाओ, इनड्राइभ, टुटर, ई ड्राइभ लगायतका एपबाट यात्रु ओसारपोसार भई रहेको छ ।

त्यसै गरी स्याङजा आधिखोला २ चिलाउनेवास घर भई हाल पोखरा १७ बस्ने बर्ष ३५ का टंक बहादुर क्षत्रीलाई समेत पक्राउ गरिएको छ । उक्त घटनामा संलग्न भएका केही आन्दोलनकारीले सुरजको स्कुटर समेत तोडफोड गरेका थिए । उनीहरुलाई सार्वजनिक मुद्धा अभद्र व्यवहार कसुरमा मुद्धा चलाउने भएको जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी वशन्त कुमार शर्माले बताए ।

## 'प्रदेशको स्वास्थ्य क्षेत्रमा सुधारका लागि प्रदेश सरकार प्रतिबद्ध छ'

**पोखरापत्र संवाददाता**
दमौली, १३ साउन



गण्डकी प्रदेशका सामाजिक विकासमन्त्री विन्दुकुमार थापाले प्रदेशको स्वास्थ्य क्षेत्रमा सुधारका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

आइतबार दमौली अस्पतालको निरीक्षण पश्चात आयोजित अन्तरक्रियामा मन्त्री थापाले प्रदेशको स्वास्थ्य अवस्था सुधारका लागि योजनाबद्ध रूपमा काम गरिने बताउनुभयो । उहाँले तनहुँ सदरमुकामस्थित दमौली अस्पतालको स्तरोन्नतिका लागि आफूले पहल गर्ने जानकारी गराउनुभयो। स्थानीय जनप्रतिनिधि, नागरिकको चासो र खबरदारीअनुसार प्रदेश सरकार अस्पतालको स्तरोन्नति गर्न गम्भीर रहेको पनि यसमा सङ्घीय सरकारबाट पनि आवश्यक सहयोग जरूरी रहेको धारणा राख्नुभयो । "दमौली अस्पतालको स्तरोन्नतिका लागि प्रदेश सरकार गम्भीर छ तर हाम्रो एक्लो प्रयासले मात्र हुँदैन । सङ्घीय सरकारले यसका लागि निर्णय गर्नुपर्ने अवस्था छ", हाल कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी समेत सम्हालिरहनुभएका थापाले भन्नुभयो, "प्रदेश सरकारले स्तरोन्नतिको निर्णय गरे पनि सङ्घले यसको दरबन्दी र आर्थिक स्रोत सुनिश्चित नगरेसम्म कार्यान्वयन नहुने भएकाले त्यसतर्फ सबैले ध्यानाकर्षण गराउन आवश्यक छ ।" प्रदेश सरकारले दमौली अस्पतालको सेवा विस्तारका लागि चालु आर्थिक वर्षमा रु चार करोड बजेट विनियोजन गरेको मन्त्री थापाले जानकारी दिनुभयो । स्वास्थ्य सचिव डा विनोदविन्दु शर्माले जग्गाको समस्याका कारण दमौली अस्पताल स्तरोन्नतिमा ढिलाइ भएको बताउनुभयो। उहाँले दमौली अस्पतालको मुख्य समस्या जग्गा प्राप्ति नहुनु रहेकाले यो समस्या समाधानका लागि ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

गण्डकी प्रदेशका पूर्वमन्त्री डोवाटे विश्वकर्मा, नेपाल रेडक्रस सोसाइटी तनहुँका सभापति प्रा डा कृष्णप्रसाद गौतम, पूर्वनगरप्रमुख ताराप्रसाद श्रेष्ठलगायतले अस्पतालको स्तरोन्नतिका लागि आवश्यक जग्गाको व्यवस्थापन गर्न लाग्नुपर्ने बताउनुभयो । अस्पतालका प्रमुख डा परिवर्तन बरालले पन्ध्र शय्यामा स्वीकृत अस्पतालले हाल ५० शय्यामा सेवा दिइरहेको जानकारी दिनुभयो । अस्पतालमा बढ्दो बिरामीको चापसँगै यसको स्तरोन्नति र सेवा विस्तार अति आवश्यक भइसकेको उहाँले बताउनुभयो ।

## सञ्चारमन्त्रीद्वारा मानवसेवा आश्रम भवनको निरीक्षण

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ साउन




सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले यहाँ निर्माणाधीन मानवसेवा आश्रम भवनको निरीक्षण गर्नुभएको छ । बैंसीसहर नगरपालिका-९ पाखाथोकमा निर्माणाधीन मानवसेवा आश्रमको आज यहाँ उहाँले स्थलगत निरीक्षण गर्नुभएको हो ।

आश्रमको निरीक्षण गर्दै सञ्चारमन्त्री गुरुङले आफू प्रदेशको मुख्यमन्त्री हुँदा नै आश्रमलाई सक्दो सहयोग गरेको र आगामी दिनमा पनि बजेटका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले असहाय, बेवारिसे, दिन दुःखीलाई आश्रय दिएर आश्रमले सराहनीय काम गरेको बताउनुभयो ।

सो अवसरमा आश्रमकी संयोजक अनिता अधिकारीले सञ्चारमन्त्री गुरुङलाई भाडामा आश्रम सञ्चालन गर्दा समस्या भएको बताउनुभयो । आश्रमका लागि धेरै संरचना बन्न बाँकी रहेको उहाँले सञ्चारमन्त्री गुरुङलाई जानकारी दिनुभयो ।

पहिरो रोकथाम गर्न, पर्खाल टेवा लगाउन, जग्गा सम्याउन र तीनवटा घर निर्माण गर्न रु ६ करोड खर्च भइसकेको संयोजक अधिकारीको भनाइ थियो । विसं २०७८ देखि आश्रम निर्माण थालिएको हो । गण्डकी प्रदेश सरकार, पालिका, विभिन्न सङ्घसंस्थाको भवन निर्माण भइरहेको छ । आश्रमको भवन निर्माण गर्न 'बालसपना समाज'ले पाँच रोपनी जग्गा निःशुल्क उपलब्ध गराएको छ । विसं २०७३ चैतदेखि बैंसीसहर नगरपालिका-७ मा घर भाडामा लिएर आश्रम सञ्चालन गरिएको छ । हाल आश्रममा २३ जना रहेका संयोजक अधिकारीले बताउनुभयो ।

# कामना टोल विकासको अध्यक्षमा सिताराम र आमा समुहमा निर्मला

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

पोखरा महानगरपालिका वडा नं १३ स्थित कामना टोल विकास संस्थाको १४ औं वार्षिक साधारण सभा तथा सातौ अधिवेशनले सिताराम गुरुङको अध्यक्षतामा नयाँ कार्य समिति चयन गरेको छ।

शनिवार भएको अधिवेशनले संस्थाको उपाध्यक्षमा कुलप्रसाद गुरुङ, सचिवमा मिनवहादुर गुरुङ, कोषाध्यक्षमा शंकर बहादुर सापकोटा, सह सचिवमा अनिता गुरुङ चयन भएका छन् ।

त्यसैगरी सदस्यहरुमा क्रमश चेली गुरुङ, सुकमाया विक, दिलवहादुर गुरुङ, सु.बेलवहादुर गुरुङ, भरत सिग्देल र मिनवहादुर गुरुङ रहेका छन् । संस्थाले सल्लाहकारमा कृष्णराज गौतम, नासु शेरजङ गुरुङ र सुर्य तामाङ चयन गरेको छ । सोही दिन




कामना टोल विकास संस्थाको आमा समहुको अध्यक्षमा निर्मला गुरुङलाई चयन गरेको छ।

आमा समुहको उपाध्यक्षमा रिता गुरुङ, सचिवमा सविता सुवेदी, कोषाध्यक्षमा भिमकुमारी गुरुङ, सह सचिवमा कविता गुरुङ चयन भएका हुन् । त्यसैगरी सदस्यहरुमा क्रमश आइतकुमारी गुरुङ, दिलु गुरुङ, देवी गुरङ, यमकुमारी गुरुङ, राजकुमारी गुरुङ, पञ्चकुमारी गुरुङ, रुविना गुरुङ र सरस्वती गुरुङ रहेका छन् ।

आमा समुहको सल्लाहकारमा गंगा गुरुङ र विष्णु कार्कीलाई चयन गरेको छ। नयाँ कार्यसमिति चयनको लागि निर्वाचन कमिटिको संयोजकमा क्षेत्रवहादुर कार्की र सदस्यहरुमा चेतवहादुर गुरुङ र कृष्णराज गौतम रहेका थिए । वडा नं १३ का वडा सदस्य सुचित तामाङले अधिवेशनको उद्घाटन गर्दै टोलमा देखिएको पानी समस्यालाई समाधानका लागि वडा सँगै सहकार्य गरी सम्बन्धित कार्यालयमा हामी संगै जाने धारणा राखिन् । हामी सबैले सकारात्मक सोच लिएर अगाडि बढेमा हरेक सामाजिक कार्य सफल हुने वडा सदस्य तामाङले विश्वस्त दिलाइन् । कामना टोल विकास संस्थाका अध्यक्ष शेरजङ गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा तीन अञ्चुरे टोल विकास संस्थाका अध्यक्ष इन्द्रवहादुर कुँवर, उद्गंम टोलविकास संस्थाका अध्यक्ष हर्कवहादुर गुरुङ, मिलीजुली विजयपुर तमु समाजका अध्यक्ष इन्सपेक्टर मानकाजी गुरुङ लगायत वोलेको कार्यक्रममा संस्थाका उपाध्यक्ष सिताराम गुरुङले स्वागत र सचिव कुलप्रसाद गुरुङले संचालन गरेका थिए । कार्यक्रममा संस्थाका बृद्धा पूर्णवहादुर गुरुङ र खम्बासिंह सुनारलाई सम्मान गरिएको थियो ।



पोखराको रामघाटमा ताल बन्योः पोखराको रामघाटमा पानीको सतह बढेर ताल बनेको छ । शनिबार रातिबाट परेको ठुलो बर्षाले गर्दा सेतीनदीमा पानीको बहाब बढ्दा रामघाटमा यस बर्ष दोश्रो पटक पानीको सतह बढेर ताल बनेको स्थानियले बताउनुभयो । तस्विरः डि.एन.बी.

# स्याङ्जाका ११ पालिकाको बेरुजू झण्डै १ अर्ब

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १३ साउन

स्याङ्जाका स्थानीय पालिकाको झण्डै एक अर्ब रुपैयाँ बेरुजू देखिएको छ । जिल्लाका ५ नगरपालिकाको ६६ करोड ५ लाख १६ हजार र ६ गाउँपालिकाको २९ करोड ४० लाख ४७ हजार गरी जिल्लाका ११ पालिकाको ९५ करोड ४५ लाख ६३ हजार रुपैयाँ बेरुजू देखिएको हो ।

महालेखापरीक्षणको कार्यालयले आर्थिक वर्ष २०७४/०७५देखि२०७९/०८० सम्म गरेको सम्परीक्षणबाट उक्त रकम बेरुजू देखिएको छ । महालेखाले हालै प्रकाशित गरेको प्रतिबेदनमा कारबाही रुवरुप असुल गर्नुपर्ने, अपुग कागजात पेश गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की रकमलाई बेरुजूको रुपमा लिएर स्थानीय पालिकागत बेरुजू रकम उल्लेख गरेको छ । जिल्लाका ५ नगरपालिका मध्ये सबै भन्दा बढि बेरुजू पुतलीबजारमा २४ करोड ७२ लाख १२ हजार छ भने सबै भन्दा कम भीरकोटमा ५ करोड २७ लाख ४३ हजार रहेको छ । ६ गाउँपालिका मध्ये सबै भन्दा बढि हरिनाशमा ९ करोड २४ लाख १५ हजार छ भने सबै भन्दा कम बिरुवामा एक करोड ९५ लाख ६३ हजार रुपैयाँ बेरुजू रहेको छ ।

नगरपालिका तर्फ पतलीबजारपछि बढि बेरुजू हुने नगरमा गल्याङ्को १४ करोड ५५ लाख ७६ हजार रहेको छ । चापाकोटको १४ करोड २८ लाख ९१ हजार रुपैयाँ बेरुजू हुँदा वालिङको ७ करोड २० लाख ९४ हजार रुपैयाँ बेरुजू देखिएको छ । गाउँपालिका तर्फ भने सबै भन्दा कम बिरुवासँगै कालिगण्डकीको २ करोड ७७ लाख ३६ हजार छ भने फेदिखोलाको ४ करोड ९५ लाख बेरुजू रहेको महालेखाको प्रतिबेदनमा उल्लेख छ । आँधीखोलाको ५ करोड १६ लाख १३ हजार बेरुजू हुँदा अर्जुनचौपारीको बेरुजू ५ करोड ३१ लाख २० हजार रुपैयाँ रहेको छ । आधारभूत तथ्याङ्क संकलन नगर्ने, वार्षिक प्रतिबेदन समेत तयार नगर्ने, योजनागत खाता नराख्ने, राजश्व परामर्श समिति नबन्नु, श्रोतको अनुमान र बजेट सिमा नहुनुले बेरुजू बढ्नका साथै बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठी गरेर बजेटलाई वितरण गर्नु स्थानीय पालिकाको चुनौती रहेको महालेखाले हालै प्रकाशन गरेको प्रतिबेदनले जनाएको छ ।

जनप्रतिनिधिले कार्यकर्ता पोस्न वा वितरणमुखी बजेट विनियोजन गर्दा बेरुजू बढ्दै गएको महालेखाले औंल्याएको छ । बजेटको पूर्व तयार, लेखाको मान अनुसार भुक्तानी नहुँदा स्थानीय सरकार संचाल ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली समेत बनाउन नसक्दा बेरुजू बढ्ने क्रममा रहेको प्रतिबेदनमा उल्लेख गरिएको छ ।

# काहुँखोला भाट समाजमा उद्घोषण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, १३ साउन

काहुँखोला भाट समाज पोखरा १३ कास्कीको आयोजना र स्वतन्त्र पत्रकार संघ कास्कीको सहकार्यमा ३ दिने उद्घोषण तालीम समापन गरियो ।

समापन कार्यक्रमको उद्घाटन रानाभाट तथा भाट समाज नेपाल गण्डकी प्रदेश समितिका कोषाध्यक्ष रुद्रप्रसाद रानाभाटले गरेका थिए । उनले बोल्ने कला सिक्नु भनेको केवल औपचारिक कार्यक्रम गर्न मात्रै नभई हरेक क्षेत्रमा काम लाग्ने बताए ।

स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष कृष्ण रानाभाटले संघले विभिन्न समुदायहरुका इच्छुक ब्यक्तिहरुलाइ निशुल्क रुपमा प्रशिक्षण दिने बाताबरण मिलाउँदै आएको बताउँदै सशुल्क प्रशिक्षण दिने गृहकार्य भैरहेको



पनि बताए । तालीममा मुख्य प्रशिक्षक सागर कार्कीले कुनै पनि कुरा सिक्न उमेरले नछेक्ने बताउँदै तालिममा सिकेको कुरा कसरी प्रयोगमा ल्याउन सकिन्छ भन्ने बारेमा सोच्नु पर्ने बताए । सो अबसरमा तालीममा प्रशिक्षण दिने स्वतन्त्र पत्रकार संघका केन्द्रिय पार्षद सागर कार्की, कास्कीका कोषाध्यक्ष राधा ढकाल, सदस्य गणेश बज्र लामा र अल्चना श्रेष्ठ, पत्रकार कृष्ण क्षेत्रीलाई प्रशंसा पत्र प्रदान गरिएको थियो ।

समाजका अध्यक्ष श्रीराम रानाभाटको अध्यक्षतामा भएको कार्यक्रममा समाजका सल्लाहकार डिल्लीराम रानाभाटले स्वागत र संचालन सचिव सुर्य रानाभाटले गरेका थिए ।

# गोरखा पहिरोमा परेका पाँच जना अझै भेटिएनन्

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ साउन

उत्तरी गोरखाको धार्चे गाउँपालिका-५, सिङ्लास्थित रेसेमा पहिरामा परी बेपत्ता भएका अझैसम्म पनि भेटिएका छैनन् । शनिबार राति भीषण पहिरामा बेपत्ता भएकाहको खोजी सुरु भएको करिब १३ घण्टासम्म पनि बेपत्ता पाँचै जना नभेटिएको जिल्ला प्रहरी कार्यालय गोरखाका प्रहरी नायब उपरीक्षक (डिएसपी) रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

"बेपत्ताको खोजीका लागि घटनास्थलमा डोजरको प्रयोग गरिएको छ, उहाँले भन्नुभयो, "अहिलेसम्म कोही पनि फेला परिसकेको अवस्था छैन ।" पहिराले घर गहिरो गरी पुरिएकाले बेपत्ताको खोजी गर्न कठिनाइ भएको उहाँले बताउनुभयो । पुरिएको घर आसपास ठाउँ र भित्तामा खोतल्ने काम भइरहेको डिएसी श्रेष्ठको भनाइ छ । खोजीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी, स्थानीयबासी खटिएका छन् । स्थानीय जीतबहादुर गुरुङको घर र गोठ पहिरोले बगाउँदा पाँच जना बेपत्ता भएका थिए । शनिबार राति तीन बजे पहिरो जाँदा जीतबवहादुरले सञ्चालन गर्दैआएको कृषि फर्म र नजिकै रहेको एउटा घर बगाएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायव उपरीक्षक रमेशकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# भ्रष्टाचार मुद्दामा पूर्वमन्त्री जोशी दोषी ठहर

**रासस**
काठमाडौं, १३ साउन

सर्वोच्च अदालतले पूर्वमन्त्री गोविन्दराज जोशीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको छ ।

न्यायाधीशद्वय विनोद शर्मा र बालकृष्ण ढकालको संयुक्त इजलासले जोशीलाई भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको अदालतका सहप्रवक्ता गोविन्दप्रसाद घिमिरेले जानकारी दिनुभयो ।

उहाँका अनुसार अदालतले पूर्वमन्त्री जोशीलाई दोषी ठहर गर्दै नौ महिना कैद र रु ६९ लाख १५ हजार जरिवानाको सजाय सुनाएको छ । यसअघि विशेष अदालतले जोशीलाई गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्दै डेढ वर्ष कैद र रु दुई करोड १६ लाख १४ हजार तीन सय ७६ जरिवाना हुने फैसला सुनाइएको थियो । विशेष अदालतको उक्त फैसलाविरुद्ध जोशीले २०६९ साल फागुनमा सर्वोच्चमा पुनरावेदन दायर गरेका थिए । अदालतले भ्रष्टाचारकै मुद्दामा ताराराज पाण्डे र बासुदेव पन्तलाई भने सफाइ दिएको छ ।

# कवि ढकालले ल्याए 'हिउँका गुच्छाहरु'



**पोखरापत्र संवाददाता**
गण्डकी, १३ साउन

पोखरेली कवि शिवु ढकालको कविता सङ्ग्रह 'हिउँका गुच्छा' सार्वजनिक भएको छ ।

गीतकार प्रतिष्ठान, नेपालद्वारा शनिबार यहाँ आयोजित समारोहमा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका पूर्वकुलपति एवं साहित्यकार सरुभक्तलगायतले कृतिको लोकार्पण गर्नुभयो ।

त्यस अवसरमा साहित्यकार सरूभक्तले ढकालका कवितामा दार्शनिक चेत प्रकट भएको, आफू बाँचेको समय र परिवेशलाई कवितामा अभिव्यक्त गर्न कवि सफल देखिएका बताउनुभयो ।

कृतिमाथि टिप्पणी गर्दै डा बाबुराम अधिकारीले ढकालका कवितामा नेपाली समाजको सग्लो चित्र उतारिएको बताउनुभयो । उहाँले कवितामा अभिव्यक्त चिन्तन र दृष्टिकोण परिपक्व रहेको भन्दै ढकालको लेखनले केही मात्रामा बौद्धिक पाठकको अपेक्षा गर्ने धारणा राख्नुभयो । ढकालको यसअघि 'क्वेस्ट फर भर्जिनिटी' नामक अङ्ग्रेजी उपन्यास प्रकाशित छ । जम्मा ६१ वटा कविता सङ्ग्रहित उक्त कृति पेज टर्नर प्रालिले प्रकाशन गरेको हो ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।


सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाव गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने :
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने :
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) नि:सन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

जीवनमा न मनोविनोदको स्थान छ न आँसुको, जीवन त एउटा सेवासदन हो । - लियो टोल्सटोय

## सम्पादकीय

# यातायात व्यवसायीको अराजक आन्दोलन

गण्डकीमा यातायात व्यवसायीले गरेको आन्दोलन अराजक बन्न थालेपछि आन्दोलन फिर्ता लिएका छन् । दिनभरको आन्दोलनबाट जनताले दुख पाएको र चालक र सहचालकका अराजक गतिविधिले गर्दा सरकारसँग सहमति भएसँगै उनीहरूले आन्दोलन फिर्ता लिएका छन । सार्वजनिक यातायात बन्द गरेर आन्दोलनमा उत्रिएका आन्दोलनकारीले पत्रकार र नागरिकलाई कुटपिट, दुर्व्यवहार गरेका थिए । सिण्डिकेट लाद्ने गरि गरिएको आन्दोलनको सबै क्षेत्रबाट विरोध भएको थियो । उपभोक्ता हित संरक्षण मञ्च, उपभोक्ता मञ्च, नागरिक समाज, मानवअधिकार कर्मी, शान्तिका नागरिक समाजको संजाल, महिला मानवअधिकार रक्षक संजाल, गैसस आन्दोलनको विरोध गर्दै आन्दोलन फिर्ता गर्न दबाब दिएका थिए । गण्डकी प्रदेश सरकारसंग राइड शेयरिङ कार्यविधि बनाउन कार्यदल बनाउने भएपछि आन्दोलन फिर्ता भएको छादिनभरको तनापछि आइतबार साँझैदेखि यातायात चल्न सुरु भएको छ ।

राइड सेयरिङको विरोध गर्दै व्यवसायीहरू आन्दोलित भएका थिए । सरकारले तत्कालै समस्या समाधानका लागि ९ सदस्यीय कार्यदल गठन गरेको छ । भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका उपसचिवको नेतृत्वमा कार्यदल गठन गरिएको छ । इन्ड्राइभ, पठाो जस्ता सेवा विरुद्ध गण्डकीका यातायात व्यवसायिले आन्दोलन गर्दै आएका थिए । आन्दोलन उपभोक्ताको हितमा नभएको र स्वच्छ प्रतिस्पर्धात्मक व्यवसाय विरुद्ध भएकोले जनसमर्थन थिएन।पोखरामा यातायात सिण्डिकेट चलाउन खोज्नेले राइड शेयरिङको विरोध गरेको भनी आन्दोलनप्रति आम जनताको समर्थन थिएन। गण्डकी प्रदेश सरकारले ढिलै भएपनि आन्दोलन स्थगित गराउन सकेको छ। आन्दोलन स्थगित गराउन कार्यदललाई १५ दिनभित्र सुझावसहितको प्रतिवेदन बुझाउने अख्तियारी दिइएको छ । कार्यदलले तयार पार्ने प्राविधिक प्रतिवेदन मुख्यमन्त्री कार्यालयमा पेस हुनेछ । थप छलफलका लागि विज्ञहरूलाई समावेश गर्न पाउने अधिकार कार्यदललाई नै दिइएको छ ।

कार्यदल गठन भएसँगै आइतबारदेखि सुरु भएको आन्दोलनका सबै कार्यक्रम स्थगित भएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीले जानकारी दिएको छ । कार्यदलमा मुख्यमन्त्री कार्यालयका अधिकृत, जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख, नेपाल यातायात व्यवसायी राष्ट्रिय महासंघ गण्डकीका प्रतिनिधि, सार्वजनिक यातायात केन्द्रीय महासंघका प्रतिनिधि, राइडर्स पोखराका प्रतिनिधि, उपभोक्ता मञ्च गण्डकीका प्रतिनिधि, यातायात मजदुरमध्येबाट एकजना सदस्य रहनेछन् । समितिको सदस्य सचिव भौतिक पूर्वाधार मन्त्रालयका अधिकृत रहनेछन् । गण्डकी प्रदेश सभाले बनाएको कानुन जनतालाई बुझाउने र संविधान रकानुले दिएको अधिकारका बारेमा नागरिकलाई सचेत बनाउने अभियान चलाउन जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बढ्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : शुभ यात्रा | धनु | : मानसिक तनाब |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पश्चिमाञ्चल माविमा स्वागत र अभिमूखिकरण




पोखरापत्र संवाददाता
पोखरा, १३ साउन

पोखरा-४ गैह्रापाटनस्थित पश्चिमाञ्चल माविमा ११ कक्षामा भर्ना भएका नवआगन्तुक विद्यार्थीलाई एक कार्यक्रमबीच स्वागत तथा अभिमूखिकरण गरिएको छ ।

विद्यार्थीका लागि आयोजित उक्त कार्यक्रममा विद्यालय संचालक समितिका अध्यक्ष प्राडा रामनाथ ओझाले उज्जवल भविश्यलाई ध्यान दिएर अध्ययन गर्न विद्यार्थीलाई सुझाए । 'सही समयमा सही विषय छनोट गर्न सकेमा मात्र भविश्य उज्जवल हुन्छ । बेलैमा सही विषय छनोट गर्नुपर्छ,' उनले भने, 'अबका दुईवर्ष मेहनत गरेमा विद्यार्थीको जीवन उज्जवल हुनेछ ।'

विद्यालयका प्राचार्य सरोज कोइरालाले अनुशासनमा रहेर अध्ययन गर्न विद्यार्थीलाई सुझाव दिए । कोइरालाले भने, ' अबको दुईवर्ष कतैपनि अन्योलमा नपर्नु, अहिलेको मेहनतले तपाइँको भविश्य बन्नेछ । विद्यार्थीलाई आफुलाई सहज हुने विषय छनोट गरेर अध्ययन गरेमा परिणाम पनि आफु अनुकुल आउने उनले बताए ।

विद्यालयकी सह प्राचार्य मीनु श्रेष्ठ कुँवरले विद्यार्थीलाई अध्ययनमा सफलता हात पार्ने गरि ध्यान दिन आग्रह गरिन् । विद्यालयका संचालक डा. कपिल अधिकारीले कुनैपनि विषय अध्ययनमा सहज नभएकोले सबैका लागि मेहनत आवश्यक रहेको बताए । विद्यालयका दश जोड दुइका संयोजक देव क्षेत्रीले विद्यार्थीलाई अनुशासनमा रहन र अध्यापन गर्न सुझाव दिए । 'भविश्य कस्तो बनाउने भन्ने तपाइँमै निर्भर छ । त्यसैले अहिलेको मेहनतले तपाँइको भविश्य बन्नेछ,' उनले भने, 'कसैको लहैलहैमा लागेर भन्दा आफ्ना लागि भनेर अध्ययन गर्नुपर्छ ।' विद्यालयका सिनियर इन्चार्ज बिजयराज अधिकारीले कुनैपनि विषयलाई कमजोर ठान्न नहुने बताए । 'सबै विषयका लागि उत्तिकै मेहनत आवश्यक छ,' उनले भने । उक्त अवसरमा नेपाल आइडलका बिजेता करण परियार र दोश्रो स्थान हासिल गरेकी सलोमी गुरुङले सांस्कृतिक मनोरञ्जन प्रदान गरेका थिए । सोही कार्यक्रममा लक्ष्य ब्याण्डले समेत आफ्नो प्रस्तुती राखेका थिए । नेपाल आइडलका विजेता परियारले आफु निकै नै मेहनतका साथ यो ठाउँसम्म आएकोले विद्यार्थीले पनि सफलताका लागि मेहनत गर्नुपर्ने सुझाव दिए । कार्यक्रममा विद्यार्थीहरुले विभिन्न सांस्कृतिक कार्यक्रम पस्केका थिए । पश्चिमाञ्चल माविमा विज्ञान, मानविकी, होटल व्यवस्थापन, होटल व्यवस्थापन र कानुन संकायमा अध्यापन हुन्छ ।

# मोदीवेणीधामको सम्पत्ति सार्वजनिक गर्न प्रशासनको ताकेता

पोखरापत्र संवाददाता
पर्वत, १३ साउन

पवित्र कालीगण्डकी र मोदीखोलाको सङ्गमस्थलमा रहेको पर्वतको प्रसिद्ध धार्मिक एवं पर्यटकीयस्थल मोदीवेणीधामको सम्पत्ति विवरण सार्वजनिक गर्न जिल्ला प्रशासन कार्यालयले तकेता गरेको छ ।

जिल्लाको कुश्मा नगरपालिका-५ स्थित मोदीवेणीमा रहेको नृसिंह मन्दिर र गुठीका नाममा सयौँ रोपनी जग्गा र करोडौँ रकम रहेको भए पनि अहिलेसम्म सम्पत्ति सार्वजनिक हुन नसकेको भन्दै प्रशासनले पत्र काटेको हो ।

डेढ दशकयता छ/सातपटक लगाइएका छ महायज्ञबाट सङ्कलित रकम, दैनिकजसो दर्शनार्थी तथा भक्तजनबाट सङ्कलन हुने भेटी र विभिन्न सङ्घसंस्थाले गर्दै आएको आर्थिक सहयोग तथा जिन्सी सामग्रीको लगत अहिलेसम्म सार्वजनिक हुन नसकेकाका सम्पत्ति सार्वजनिक गर्न मोदीवेणीधाम व्यवस्थापन समितिका नाममा पत्र काटिएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत अर्जुन शर्माले जानकारी दिनुभयो । गुठीका नाममा जिल्लाको कुश्मा र फलेवास नगरपालिका तथा स्याङ्जाको अर्जुनचौपारी र आँधीखोला गाउँपालिकालगायत विभिन्न स्थानमा रहेको दुई सय ५० रोपनी जग्गाको विवरण समेत सार्वजनिक हुन सकेको छैन । लामो समयदेखि सरोकार भएका निकायले सम्पत्ति विवरण सार्वजनिक गर्न माग गरे पनि मोदीवेणीधाम व्यवस्थापन समितिले आनाकानी गरेपछि प्रशासनले परिपत्र गरेको उहाँले बताउनुभयो । एक वर्षअघि तत्कालीन प्रमुख जिल्ला अधिकारी प्रेम आचार्यले परिपत्र गर्दा समितिले अटेर गरेपछि पुनः प्रमुख जिल्ला अधिकारी केदारनाथ शर्माले पत्र पठाउनुभएको हो । प्रशासकीय अधिकृत शर्माले गुठीका नाममा रहेको चल/अलच सम्पत्ति के कति छ, कसरी व्यवस्थापन भइरहेको छ भन्ने विवरण उपलब्ध गराउन पत्र पठाइएको जानकारी दिनुभयो । सरकारी तथा गुठीका नाममा रहेको सम्पत्ति संरक्षणको दायित्व प्रशासनको भएकाले एक साताभित्र विवरण उपलब्ध गराउन भनिएको उहाँले बताउनुभयो ।

तोकिएको समयभित्र विवरण नआएमा अन्य प्रक्रिया थाल्ने प्रशासकीय अधिकृत शर्माले बताउनुभयो । प्रसिद्ध मुक्तिनाथ मन्दिर जाने भक्तजनको आश्रयस्थलका रूपमा रहेको मोदीवेणीमा दुई दशक अघिसम्म नेपालका साथै भारतीय पर्यटकको समेत उत्तिकै चहलपहल हुन्थ्यो ।

मोदीवेणीधाममा वार्षिक रूपमा ठूलो आम्दानी हुने गरेको भए पनि अहिलेसम्म सार्वजनिक हुन नसक्दा हिनामिना भएको आशङ्का बढेको स्थानीय ८५ वर्षीय हरिप्रसाद आचार्यले बताउनुभयो । "यस क्षेत्रको सबैभन्दा ठूलो धार्मिकस्थल मोदीवेणी हो । यहाँ पर्वत, बागलुङ र स्याङ्जालगायत जिल्लाका साथै भारतीय तीर्थयात्री आउँछन् । यात्राका क्रममा तीर्थयात्री यहीँ बास बसेर मुक्तिनाथ जान्छन्", स्थानीय हरि सापकोटाले भन्नुभयो, "सीमित परिवारले यसको हिनामिना गरेका हुनसक्छन् । यथाशीघ्र सम्पत्ति विवरण सार्वजनिक गरेर सरकारले आवश्यक संरक्षणमा ध्यान दिनुपर्दछ ।"

# निजीभन्दा अब्बल बन्दै सरकारी विद्यालय

पोखरापत्र संवाददाता
गलकोट, १३ साउन

कुनै समय ओझेलमा परेको बागलुङ नगरपालिका-८ सिगानाको सिगाना माध्यामिक विद्यालय लामिचौर तीन वर्ष यता चर्चामा छ ।

झट्ट हेर्दा जिल्ला सदरमुकाको निजी विद्यालयभन्दा राम्रो देखिने त्यही विद्यालयमा तीन वर्ष अघि शौचालय र खानेपानीको समेत अभाव थियो । तर पछिल्लो समय सुविधासम्पन्न भवन, कक्षाकोठा, बाल उद्यान, बालमैत्री शौचालय, बगैँचाले सिङ्गारिएको प्राङ्गणले विद्यालयको वातापरण मनमोहक बनेको छ । विद्यालयको शैक्षिक गुणस्तरका लागि सुविधासम्पन्न भौतिक पूर्वाधार पहिलो प्राथमिकता भएकाले विद्यालयले तीन वर्षयता पूर्वाधार निर्माणमा जोड दिएको छ । विद्यालयको पूर्वाधारसँगै प्रविधिमैत्री शिक्षण सिकाइ, अतिरिक्त कक्षा, बाल उद्यान, प्रयोगशाला, कम्प्युटर ल्याबलगायत सुविधाका कारण विद्यार्थीको शैक्षिक गुणस्तरमा समेत वृद्धि भएको छ । शैक्षिक गुणस्तर बढाउन अतिरिक्त कक्षा र प्रविधिमैत्री शिक्षामा जोड दिइएको छ । जस्तापाताले छाएर छाप्रामा अध्ययन-अध्यापन गर्ने समयमा उक्त विद्यालयमा शौचालय अभाव थियो । विद्यालयले तीन वर्षमै पूर्वाधारमा मात्र होइन बागलुङ नगरकै पहिलो बालमैत्री विद्यालयको परिचय बनाएको छ । विसं २०१० सालमा चन्द्रबहादुर थापाले स्थापना गर्नुभएको उक्त विद्यालयलाई अहिले उहाँकै छोरा टीकाराम थापाले हाँकिरहनुभएको छ । बुबाले स्थापना गरेको विद्यालयलाई नमूना बनाउन सहरबाट गाउँ फर्केर विद्यालय व्यवस्थापन समितको अध्यक्षकशो जिम्मेवारी बहन गरेको उहाँको भनाइ छ । थापाले आफ्नो तीनवर्षे कार्यकालमा रु एक करोड ३२ लाख खर्चेर विद्यालयलाई भौतिक पूर्वाधारमा नमूना बनाउँदै प्रविधिमैत्री शिक्षालाई जोड दिएको बताउनुभयो । भौतिक पूर्वाधार थपिएपछि विद्यार्थीको सङ्ख्यामा वृद्धि भएको छ ।

तीन वर्षमा राष्ट्रपति शैक्षिक सुधारअन्तर्गत रु ५० लाख लागतमा चारकोठे भवन निर्माण, राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत रु १८ लाखमा दुईकोठे भवन निर्माण, पुनःनिर्माण प्राधिकरणबाट पाप्त रु १५ लाखको लागतमा अपाङ्ग र बालमैत्री शौचालय निर्माण, पुनःनिर्माण प्राधिकरणकै रु सात लाखमा शुद्ध खानेपानीको व्यवस्था गर्न सफल भएको थापाको भनाइ छ । यस्तै, गण्डकी प्रदेश सरकारको सहयोगमा रु सात लाखमा कक्षा कोठामा स्मार्ट टिभीसहितको अध्यापनको व्यवस्था, बागलुङ नगरपालिकाको रु आठ लाख लागतमा एक शिक्षक एक ल्यापटप, कम्प्युटर र विज्ञान प्रयोगशाला र देउसीभैलोबाट सङ्कलन भएर बचत भएको रु २७ लाखबाट बाल उद्यान, प्रवेशद्वार, तारबार, खानेपानीलगायतको व्यवस्था गरिएको अध्यक्ष थापाले बताउनुभयो । "विद्यालय ऋणमा डुबेको थियो, भौतिक पूर्वाधारको अभाव थियो, खानेपानी र शौचालयको राम्रो व्यवस्था थिएन, बसाइँसराइको प्रभावले विद्यार्थी घट्दै थिए, दलित समुदायका विद्यार्थी पोसाकबिना आउने गर्दथे," उहाँले भन्नुभयो, "एक पटक गाउँ फर्केर विद्यालयमा सुधार गर्नुपऱ्यो भन्ने सोच आयो, सबैले साथ दिए, देउसीभैलो खेलेर सङ्कलन गरेको रकमले विद्यालयको भौतिक र शैक्षिक सुधारमा खर्च गरियो ।" अधिकांश दलित समुदायका विद्यार्थीले अध्ययन गर्ने विद्यालयलाई नमूना बनाउन थापाको अभियानलाई शिक्षक अभिभावक सङ्घका अध्यक्ष गोविन्दप्रसाद गौतम, स्थानीय जनप्रतिनिधि, बागलुङ नगरपालिका र अभिभावकको आर्थिक, भौतिक र नैतिक सहयोग रहेकाले विद्यालयले मुहार फेर्न सफल भएको वडा सदस्य मनबहादुर नेपालीले बताउनुभयो ।

# प्रशासनमा थन्किएका राष्ट्रिय परिचयपत्र वितरण गरिने

पोखरापत्र संवाददाता
दमौली, १३ साउन

जिल्ला प्रशासन कार्यालय तनहुँमा वितरण नगरी थन्किएका राष्ट्रिय परिचयपत्र सेवाग्रहीलाई वितरण गरिने भएको छ । कार्यालयमा राष्ट्रिय परिचयपत्र विवरण दर्ता गर्ने सेवाग्राहीको घुइँचो बढेपछि बनेर आएका परिचयपत्र वितरण रोकिएको थियो ।

सामाजिक सुरक्षा भत्ता लिनेलाई राष्ट्रिय परिचयपत्र विवरण अनिवार्य गरिएपछि गत जेठ र असारमा सेवाग्राहीको घुइँचो लागेको थियो । हाल सरकारले सामाजिक सुरक्षा भत्ता वितरणमा परिचयपत्र अनिवार्य गर्ने निर्णय सच्च्याएपछि कार्यालयमा घुइँचो कम हुँदै गएको जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत विकास श्रेष्ठले बताउनुभयो । कार्यालयमा साबिकमा भन्दा अहिले सेवाग्राहीको उपस्थिति घटेकाले कार्यालयमा उपलब्ध भएका राष्ट्रिय परिचयपत्र वितरण प्रक्रियालाई अगाडि बढाउन लागिएको उहाँले उल्लेख गर्नुभयो । "राष्ट्रिय परिचयपत्र नम्बर सङ्कलन र बायोम्याट्रिक दिन आउने सेवाग्राहीको चापले कार्यालयमा उपलब्ध भएका परिचयपत्र वितरण स्थगन गरिएको थियो", श्रेष्ठले भन्नुभयो, "अहिले सेवाग्राहीको चाप घटेकाले परिचयपत्र वितरणलाई निरन्तरता दिन लागिएको हो ।" विभिन्न समयमा बायोम्याट्रिक दिएका सेवाग्राहीको व्यक्तिगत मोबाइल नम्बरमा 'एसएमएस'मार्फत जानकारी भएपश्चात् बायोम्याट्रिक गर्दाको आवेदन फारम र सक्कल नागरिकताको प्रमाणपत्रसहित सम्बन्धित व्यक्ति स्वयं उपस्थित भई परिचयपत्र कार्ड लिन आउन सूचना जारी गरिएको प्रशासकीय अधिकृत श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार विसं २०७६ देखि भरिएका ४५ हजार बढीको राष्ट्रिय परिचयपत्र कार्यालयमा आइपुगेको छ । हालसम्म एक हजारले मात्रै परिचयपत्र लिएका कार्यालयले जनाएको छ । कतिपय व्यक्ति परिचयपत्र लिन नआएकाले पनि कार्यालयमा थन्किएको राष्ट्रिय परिचयपत्र शाखाका कर्मचारी प्रताप पण्डितले जानकारी दिनुभयो । राष्ट्रिय परिचयपत्र लिन सम्बन्धित व्यक्ति नै उपस्थित भई बायोम्याट्रिक विवरण उपलब्ध गराउँदाको जस्तै दस्तखत भिडाउनुपर्ने उहाँले उल्लेख गर्नुभयो । कार्यालयमा हाल दैनिक एक सयले राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गर्ने गरेका छन् । राहदानी बनाउन राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएकाले पनि सेवाग्राही विवरण उपलब्ध गराउने आउने गरेका पण्डितले बताउनुभयो । जिल्लामा हालसम्म एक लाखभन्दा बढीले विवरण दर्ता गरिसकेका छन् । प्रशासन कार्यालयमा राष्ट्रिय परिचयपत्र विवरण दर्ताका लागि छुट्टै कोठाको व्यवस्था गरिएको छ । यसअघि तनहुँका दशवटै पालिकाका वडास्तरमा पुगेर पनि विवरण सङ्कलन गरिएको थियो ।

# म्याग्दीको बगरफाँटमा 'एक घर, एक धारा'

पोखरापत्र संवाददाता
म्याग्दी, १३ साउन

म्याग्दीका बेनी नगरपालिका-२ बगरफाँटमा 'एक घर, एक धारा'सहितको खानेपानी आयोजना निर्माण भएको छ । सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना म्याग्दीको सहयोगमा उपभोक्ता समितिले निर्माण गरेको आयोजनाबाट दुई सय पाँच घरपरिवार लाभान्वित भएका छन् ।

उपभोक्ता समितिका अध्यक्ष दीपकबहादुर मल्लले सङ्घीय सरकारको रु एक करोड ४४ लाख ७५ हजार एक सय १२ सहयोगमा आयोजना निर्माण भएको जानकारी दिनुभयो । "कोप्रे, बाङ्गेरा र लहरेनीको मुहानमा 'इन्टेक' बनाएर ल्याएको पानी ५०-५० लिटर क्षमताको तीनवटा रिजर्भ टयाङ्कीमा सङ्कलन गरी वितरण गर्न थालिएको छ", उहाँले भन्नुभयो, "संरचना निर्माणको काम सकिएपछि दुई सय पाँचवटा घरमा मिटरसहित जडान भएका धारामा परीक्षणका लागि पानी वितरण गर्न थालिएको हो ।" परीक्षणका क्रममा देखिएका प्राविधिक समस्या समाधान र सुधार गरेर नियमित पानी वितरण गर्ने तयारीका साथ काम भइरहेको अध्यक्ष मल्लले बताउनुभयो । पाँच हजार दुई सय ७१ मिटर मुख्य र पाँच हजार पाँच सय ४७ मिटर वितरण पाइप लाइन निर्माण भएको छ । आयोजना निर्माणका लागि आव २०७९/८० मा रु ५३ लाख ११ हजार आठ सय ५२ र २०८०/८१ रु ९१ लाख ६३ हजार दुई सय ६० खर्च भएको सङ्घीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाका सबइन्जिनियर सुनिल सिंह बोहोराले बताउनुभयो । उपभोक्ता समितिले कुल लागतको १० प्रतिशत बराबरको श्रमदान गरेका छन् । यसअघि बगरफाँटमा २१ वटा सार्वजनिक धारामार्फत खानेपानी वितरण हुने गरेको थियो । सार्वजनिक धाराबाट गाग्री, ग्यालीन र ड्रममा ओसार्ने तथा पाइप जडान गरेर घरघरमा पानी लगेर उपभोग गर्ने गरेका थिए । घरघरमा धारा जडान गरेर पानी वितरण गर्न थालेपछि मितव्ययी प्रयोग, समयको बचत र पानीका कारण हुने सामाजिक द्वन्द्व कम भएको उपभोक्ता समितिका सचिव चन्द्रबहादुर घिमिरेले बताउनुभयो । खानेपानी वितरणलाई व्यवस्थित बनाउन प्रत्येक धारामा मिटर जडान गरिएको छ ।

# ‘विकास र समृद्धि सरकारको प्राथमिकतामा’

**पोखरापत्र संवाददाता**
लमजुङ, १३ साउन

सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले मुलुकको विकास र समृद्धि सरकारको पहिलो प्राथमिकतामा रहेको बताउनुभएको छ।

प्रेस चौतारी नेपाल, जिल्ला शाखा लमजुङले आज बैंसीसहर नगरपालिका-७ मनाङे चौतारामा आयोजना गरेको उहाँको सम्मान तथा भेटघाट कार्यक्रममा जनताको सेवा गर्नु सरकारको दायित्व भएकाले जनताको चाहनाअनुरुप सरकारले विकास गर्ने सञ्चारमन्त्री गुरुङले बताउनुभयो।

विभिन्न समयमा कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मिलेको बताउँदै सञ्चारमन्त्री गुरुङले अहिले स्थिरता र जनतामा आशाको सञ्चार गर्न पुनः मिलेकाले सोही अनुरुप सरकारले विकास र समृद्धिको गति बढाउने विश्वास व्यक्त गर्नुभयो।

उहाँले सरकारमा अशोक राई, उपेन्द्र यादवलगायत नेतृत्वका पार्टीहरू पनि सामेल हुने जानकारी दिनुभयो । उहाँले सुशासनका लागि डिजिटल नेपाल आवश्यक रहेको धारणा राख्नुभयो। आगामी एक वर्षभित्रै सञ्चारजगत्का लागि आवश्यक ऐन, नियमहरू निर्माण गरिसक्ने बताउँदै उहाँले अहिलेको सूचना, प्रविधिको विकाससँगै समयअनुकूल हुनेगरी नयाँ ऐन, कानुनहरू तर्जुमा गरिने उल्लेख गर्नुभयो।

सञ्चारमन्त्री गुरुङलाई प्रेस चौतारी लमजुङका उपाध्यक्ष सुरज गुरुङलगायतले शाखाका तर्फबाट सम्मानपत्र प्रदान गर्नुभएको थियो। सो कार्यक्रममा पत्रकार कृष्ण केसी, मीना गुरुङ, नवराज पहाडी, मिलन शर्मालगायतले सञ्चारमाध्यम र पत्रकारहरूको अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो।

त्यसैगरी नेपाल कम्युष्टि पार्टी (एमाले ) लमजुङले पनि आजै बधाई तथा सम्मान कार्यक्रम आयोजना गरी सञ्चारमन्त्री गुरुङलाई सम्मान गरेको छ।

# पृथ्वीराजमार्गको मापदण्डभित्रका घरटहरा नभत्काए सुविधा रोकिने

**पोखरापत्र संवाददाता**
तनहुँ, १३ साउन

बन्दीपुर गाउँपालिका कार्यालयले पृथ्वीराजमार्गको सडक मापदण्डभित्रका घरटहरा तत्काल नहटाए सेवा सुविधा रोक्ने जनाएको छ। घरधनीले स्वतःस्फुर्त रूपमा घरटहरा नभत्काए वडा कार्यालय र गाउँपालिकाबाट प्रदान गरिने सुविधा रोक्ने पालिकाले जनाएको हो।

गाउँपालिका अध्यक्ष सुरेन्द्रबहादुर थापाले पटकपटक घरटहरा हटाउन सूचना प्रकाशन गरे केहीले अटेर गरेपछि यस्तो निर्णय गर्नुपरेको बताउनुभयो।

“यसअघि पटक-पटक सूचना प्रकाशन गरी सडक मापदण्डभित्रका संरचना हटाउन ताकेता गरे पनि केही घरधनीले अटेर गर्दै आएका छन्। त्यसैले तत्काल संरचना नहटाए वडा कार्यालय र गाउँपालिकाबाट सुविधा रोक्नुका साथै कानुनी कारबाहीका लागि प्रक्रिया अघि बढाउन थालेका हौँ”, उहाँले भन्नुभयो । पृथ्वीराजमार्गअन्तर्गत तनहुँमा दुई खण्डमा गरी सडक विस्तारको काम भइरहेको छ। सडक मापदण्डभित्रका संरचना नहटाइदिँदा सडक विस्तारका कार्य प्रभावित भएका छन्।

# बागलुङमा एक वर्षमा १२ हजार मिटरभन्दा बढी पदमार्ग निर्माण

**पोखरापत्र संवाददाता**
बागलुङ, १३ साउन

बागलुङमा आर्थिक वर्ष २०८०/८१ मा १२ हजार दुई सय ३४ मिटर पदमार्ग निर्माण गरिएको छ।

गण्डकी प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले विनियोजन गरेको बजेटबाट जिल्लाको विभिन्न स्थानमा पदमार्ग निर्माण गरिएको छ। गत आर्थिक वर्षमा प्रदेश सरकारले पर्यटन पूर्वधार निमाणका लागि बागलुङमा रु छ करोड ४० लाख विनियोजन गरेको थियो।

त्यसमध्ये तीन करोड ८५ लाखले पदमार्ग निर्माण गरिएको हो भने बाँकी बजेटले मठ मन्दिरसहितका पर्यटन संरचना निर्माण गरिएको हो। पर्यटन तथा उद्योग कार्यालय बागलुङमार्फत जिल्लाको १० वटै पालिकामा पदमार्ग निर्माण र अन्य संरचना बनाइएको हो।

गत वर्ष कुल ७६ योजनामध्ये ५२ वटा पदमार्ग निर्माण गरिएको पर्यटन तथा उद्योग कार्यालय बागलुङका प्रमुख पारसिंह थापाले जानकारी दिनुभयो । उहाँका अनुसार बागलुङ नगरपालिकामा २० योजना सम्पन्न भएका छन् । यसका लागि रु दुई करोड ३५ लाख विनियोजन भएको थापाले जानकारी दिनुभयो।

जैमिनी नगरपालिकामा १३ योजनाका लागि रु ९५ लाख, काठेखोला गाउँपालिकामा १५ योजनाका लागि रु ९० लाख, गलकोट नगरपालिकामा नौ योजनाका लागि रु ७० लाख बजेट विनियोजन भएको प्रमुख थापाको बताउनुहुन्छ।

प्रमुख थापाका अनुसार बडिगाड गाउँपालिकामा पाँच वटा योजनाका लागि रु ३० लाख, निसीखोला गाउँपालिकामा तीन वटा योजनाका लागि रु ३० लाख ढोरपाटन नगरपालिकामा चार योजनाका लागि रु २५ लाख, ताराखोलामा तीन वटा योजनाका रु ३० लाख, बरेङ गाउँपालिकामा तीन योजनाका लागि रु २५ लाख, तमानखोलामा एउटा योजनाका लागि रु १० लाख बजेट विनियोजन भएको र ति सबै योजना सम्पन्न भएको उहाँले बतानुभयो । थापाले प्रदेश सरकारले विनियोजन गरेको शतप्रतिशत भौतिक तथा वित्तीय प्रगति भएको जानकारी दिनुभयो । प्रमुख थापाले भन्नुभयो, “गत आवमा प्रदेश सरकारले पर्यटन तथा उद्योग कार्यालय बागलुङमार्फत सञ्चालन गर्ने योजनाका लागि विनियोजित बजेट सबै सकिएको छ, हामीले शतप्रतिशत वित्तीय र भौतिक प्रगति गर्‍यौं, प्रदेशबाट आएका योजनामध्ये सबैभन्दा बढी पदमार्गका थिए, ती सबै योजना समयमै सक्यौँ।”

गण्डकी प्रदेशका पूर्वउद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री दीपेन्द्रबहादुर थापाले पर्यटन प्रवर्द्धनका लागि सबैभन्दा पहिला पूर्वधार चाहिने हुँदा त्यसलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरेको बताउनुभयो। पर्यटकलाई आकर्षित गर्नका लागि रमणिय ठाउँ मात्रै भएर मात्रै नहुँने भन्दै त्यहाँसम्म पुग्नका लागि पहुँच सहज हुनुपर्ने उहाँको भनाइ छ। थापाले गण्डकीका ११ वटै जिल्लामा पदमार्ग निर्माणमा जोड दिएको बताउनुभयो । पर्यटकीय गन्तव्यमा पुग्नका लागि सडकभन्दा पदमार्ग नै निर्माण गर्नुपर्ने थापाको भनाइ छ।

# अवसरको खोजीमा सहर पस्दै ढोरपाटनका तिब्बती शरणार्थी

**रासस**
बागलुङ, १३ साउन

काठका फल्याकले छाइएका, ढुङ्गा र माटोले बनाइएका पर्खाल, हेर्दा निकै आकर्षक देखिन्छन् यहाँका घर । वरपर कपडाका झण्डा फरफराइरहेका छन् । यी दृश्य हेर्न यहाँ पुग्ने जोकोही एकपटक टक्क रोकिन्छन् र बस्तीमा पुग्न पाए हुन्थ्यो सोच्छन् । ढोरपाटन नगरपालिका-६ को छेन्तुङ र वडा नम्बर ९ को स्यालपाखेमा रहेका तिब्बतीयन शरणार्थी बस्ती हुन् यी।

दशकौँ अगाडि तिब्बतबाट आएका शरणार्थी अहिले पनि ढोरपाटनमा बसोबास गर्दै आएका छन् तर यहाँ पहिलेको जस्तो चहलपहल छैन । बस्ती सुनसानजस्तै छन् । शरणार्थीले ढोरपाटन छोड्दै गएका छन्। यहाँ रहेका ठूला-ठूला घर तथा भवन पनि जीर्ण बन्दै छन् । विगतमा विभिन्न समस्यासँग जुधेर पनि यहाँका बस्तीमै रमाइरहने शरणार्थी अचेल भने अवसरको खोजीमा सहर पस्न थालेका छन्। त्यसैले केही वर्षयता ढोरपाटनमा उनीहरूको सङ्ख्या कम हुँदै गएको छ । खेतीपाती र पशुपालनबाट जीविकोपार्जन गर्दै आएका शरणार्थी अहिले व्यापार व्यवसायसँगै रोजगारीको खोजीमा काठमाडौँ, पोखरालगायतका सहर जान थालेका छन् । जसले गर्दा यहाँका बस्ती पातलिँदै गएका हुन्। नोर्जेलिङ तिब्बतीयन क्याम्प ढोरपाटनकी सचिव छिरिङ भुदीले धेरैजसो शरणार्थी पोखरा र काठमाडौँ सरेको र अहिले बुढापाका मात्रै बस्तीमा रहेको सुनाउनुभयो। ढोरपाटनमा पहिले करिब डेढ सय परिवार रहेकोमा अहिले २० घरका करिब ४० जना मात्रै बसोबास गरिरहेका उहाँले जानकारी दिनुभयो।

जिल्ला प्रशासन कार्यालय बागलुङकानुसार पछिल्लो तीन वर्षमा शरणार्थी परिचयपत्र नवीकरण गर्नेको सङ्ख्या पनि कम छ । आव २०७८/७९ मा ५६ जना, २०७९/८० मा ५३ जना र गत आर्थिकमा ५० जनाले मात्र परिचयपत्र नवीकरण गरेको बागलुङका सहायक प्रमुख जिल्ला अधिकारी चित्राङ्गत बरालले जानकारी दिनुभयो । हरेक वर्ष चैत मसान्तमा शरणार्थीको परिचयपत्र नवीकरण हुने गर्छ । कोहीले वर्षैपिच्छे र केहीले दुई वर्षमा एकपटक नवीकरढा गर्ने गरेको बरालको भनाइ छ। “विसं २०५२ पछि नयाँ पुस्ताले परिचयपत्र पाएका छैनन् । पछिल्लो समय शरणार्थीहरू विदेशीन थालेका र शरणार्थी महिलाले नेपालीसँग विवाह गरेर नेपाली नागरिकता पाउने भएकाले पनि परिचयपत्र नवीकरण गर्नेको सङ्ख्या कम हुँदै गएको छ”, सहायक प्रजिअ बराल भन्नुहुन्छ“त्यसैगरी२९ वर्षेदेखि नयाँ परिचयपत्र वितरण भएको छैन। धेरैजसो देशबाहिर जान थालेकाले पनि बर्सेनि परिचयपत्र बनाउनेको सङ्ख्या घट्दै गएको छ।”

आफू ढोरपाटन मै जन्मिएको बताउने चालिस वर्षीया शरणार्थी भुदीले आफ्ना बुवा र हजुरबुवा विसं २०१८ मा ढोरपाटनमा आएको बताउनुभयो। यही जन्मेर र यही हुर्किंदा पनि शरणार्थीका समस्या समाधान नभएका उहाँको गुनासो छ। परिचयपत्रले मोबाइलको सिम कार्ड निकाल्न, बैंक खाता खोल्न, कारोबारदेखि अन्य सरकारी काम गर्न समस्या रहेको भुदीले सुनाउनुभयो । “बच्चाहरू स्कूल पढ्छन, ठूलो भएर विदेश जान खोजे पनि समस्या छ। बैंकमा खाता खोलौँ भने पनि मिल्दैन। कसैले पैसा पठाउन चाहेमा छिमेकी नेपालीको खातामा पठाउन लगाउनुपर्छ । शरणार्थी त थियौँ नै अरूमा आश्रित हुनुपरेकाले थप समस्या भएको छ”, उहाँले दुःखेसो पोख्नुभयो।

## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खानीगाउँ, पर्वत
### गण्डकी प्रदेश पोखरा, नेपाल

# ढुंगा गिटी वालुवाको निकासी कर संकलन सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति : २०८१/०४/१४**

फलेवास नगरपालिकाको तेह्रौं नगर सभाको निर्णय अनुसार आफ्नो क्षेत्रभित्रका खोला नदीहरुबाट आ.व. ०८१/८२ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको बिक्री मूल्य तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. दरभाउपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको रा.वा.वैंक फलेवास शाखामा रहेको खाता नं. ग-१-१, ३५४०१००३०१०१०००२ मा उल्लिखित दरभाउपत्र दस्तुर (ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर (फिर्ता नहुने गरी) पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिने छ। उक्त दिन सार्वजनिक विदा भएमा अर्को दिनको कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ।

२. ठेक्का नं अनुसारको छुट्टाछुट्टै सिलवन्दी दरभाउपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो २:०० बजे यस कार्यालयमा दरभाउपत्र खोलिने छ। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ।

३. दरभाउपत्र साथ आफूले कवोल गरेको अंकको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३०००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ। साथै राष्ट्र बैंकवाट क श्रेणीको मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी लाई समेत मान्यता दिइने छ।

४. दरभाउपत्र पेश गर्दा कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

५. दरभाउपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउनु पर्नेछ। तर रु १० लाख भन्दा कम रकमको ठेक्काको रकम एकमुष्ठ रुपमा बुझाउनु पर्नेछ। रकम बुझाउंदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ। सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए वांकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८२ श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र बैंकवाट क वर्गको मान्यता प्राप्त वैंकको जमानत (ग्यारेन्टी) पेश गर्नुपर्नेछ।

६. बिक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.९ (अक्षरुपी नौ मात्र) हुनेछ।

७. रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

८. ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयमूले व्यहोर्नु पर्नेछ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ।

१०. उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ।

११. नियमानुसार असार १ गते देखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन। ठेक्काका शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ। थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ।

१२. कुनैपनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै शिलबन्दी दरभाउ पत्र पेश गर्नुपर्नेछ।

१३. दरभाउपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः-
    क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको)।
    ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र)।
    ग. नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्र।

**तपसिल**

| आय ठेक्का नं. | वगर तथा नदी क्षेत्र | सम्भाब्य परिमाण | न्यूनतम कवोल अंक (भ्याट वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|---|
| ०१।०८१।८२ | श्रीकाङ्ग छेस्लाङ्ग वगर, फनपा ११ पाङ्गराङ्ग | ४४०९।८ घ.मि. | १४,०२,०००।-(चौध लाख दुई हजार मात्र) | रु १००० |
| ०२।०८१।८२ | कटुवा वगर फनपा ४ मुडिकुवा | ४६६६।४ घ.मि. | १४,८३,०००।-(चौध लाख त्रीयासी हजार मात्र) | रु १००० |
| ०३।०८१।८२ | वालुवावगर राताढुंगा क्याम्पस पछाडीको वगर फनपा ६ देविस्थान | १८८९।९ घ.मि. | ६,०१,०००।-(छ लाख एक हजार मात्र) | रु १००० |
| ०४।०८१।८२ | टुटुङ्गा चंदारेघाट वगर फनपा ६ देविस्थान | २०९९।९ घ.मि. | ६,६८,०००।- (छ लाख अठ्सठ्ठी हजार मात्र) | रु १००० |
| ०५।०८१।८२ | जैमिनीघाट वगर फनपा ६, | १८८९।९ घ.मि. | ६,०१,०००।-(छ लाख एक हजार मात्र) | रु १००० |
| ०६।०८१।८२ | चिरुवा ढुंगा कालीगण्डकी वगर फनपा-१० | ६३० घ.मि. | २,०१,०००।-(दुई लाख एक हजार मात्र) | रु १००० |
| ०७।०८१।८२ | कर्नास छोरे बगर फनपा ११ | ६३० घ.मि. | २,०१,०००।-(दुई लाख एक हजार मात्र) | रु १००० |

**प्रमुख प्रशासकीय अधिकृत**